नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २५० २०७९ साल बैशाख २६ गते सोमबार (9 May 2022 Monday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

झाडापखाला तथा बान्ताबाट बच्न,

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पाखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिंगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : स्थानीय निर्वाचन: दलहरू महिलाप्रति. ३ पृष्ठमा : विश्व गधा दिवस मनाइँदै, ... ३ पृष्ठमा अमेरिकामा कोरोनाका कारण..

## घर अगाडी पार्किङ गरि राखिएको बस चोरी



**दैनिक समाचारदाता**
**राजविराज, २५ बैशाख ।**
राजविराज नगरपालिका वडा नं. ८ स्थित एक घर अगाडी पार्किङ गरि राखिएको अवस्था बस चोरी भएको छ ।

साइकल र मोटरसाइकल चोरीको घटना हुने गरेपनि बस चोरीको घटना भने सम्भव त जिल्लामा पहिलो पटक भएको छ ।

राजविराज नगरपालिका ८ निवासी प्रदिप कुमार जैनले घर अगाडी पार्किङ गरि राखेको ना.५ख. ४६८५ नम्बरको लक्ष्मी-गणेश ट्राभल्स नामक बस शनिबार राती चोरी भएको हो ।

राजविराज-काकडभिट्टा रुटमा चल्ने ४० सीट भएको उक्त बस शनिबार राती ११ बजेतिर चोरी भएको बसधनी जैनले बताए ।

आइतबार बिहान घरबाट केही टाढा रहेको अशोक यादवको पसलमा जडान गरिएको सीसी क्यामराको फुटेजले ११ बजेर ८ मिनेटमा उक्त बस रुपनी मार्गतर्फ गइरहेको देखाएको छ । यद्दपी चोरी गरि लाने चालकको अनुहार सीसी क्यामरामा कैद हुन सकेको छैन् ।

यस्तै उक्त बस राती ११ बजेर ३४ मिनेटमा रुपनी हुँदै लहानतर्फ गइरहेको इलाका प्रहरी कार्यालय रुपनीको सीसी क्यामरा फुटेजले देखाएको छ ।

चोरी भएका बस विभिन्न नाकामा सीसी क्यामरामा देखिएपनि चोर र बस अहिलेसम्म पत्ता नलाग्नु अचम्मको विषय भएको सवारीधनी जैनको भनाई छ । सीसी क्यामरा फुटेजको आधारमा चोर र बसको खोजिकार्य भइरहेको प्रहरीले जनाएको छ ।

## टयाक्टर पल्टिदा च्यापिएर एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २५ बैशाख ।**
सप्तरीमा टयाक्टर पल्टिदा च्यापिएर एक जनाको ज्यान गएको छ ।

शनिबार राती जिल्लाको बोदे बर्साईन नगरपालिका ७ स्थित मुसहरी टोलमा जाँदै गरेको प्रदेश-२-०१-००१त.२००१ नम्बरको टयाक्टर अनियन्त्रित भई पल्टिदा सोही वडा निवासी १९ वर्षिय चालक शिव पोदारको मृत्यु भएको हो ।

टयाक्टर पल्टिदा चेपिएर पोदारको घटनास्थल मै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

मृतकको शवको स्थानीय गजेन्द्रनारायण सिह अस्पतालमा पोष्टमार्टम पश्चात आईतवार आफन्तलाई जिम्मा लगाई दुर्घटना बारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




## स्थानीय तह निर्वाचन : वयस्क उम्मेवारको संख्या बढी

काठमाडौं, २५ वैशाख (रासस) ।
आसन्न स्थानीय तह निर्वाचनमा विभिन्न पदमा उम्मेदवारी दिनेमा वयस्कको सङ्ख्या उल्लेख्य देखिएको छ । निर्वाचन आयोगका अनुसार ३५ देखि ५० वर्ष समूहका उम्मेवारको सङ्ख्या ७६ हजार १६२ छ ।

सो उमेर समूहका ३९ हजार ६६९ पुरुष र २७ हजार ४९३ महिला उम्मेदवार छन् । एक्काइसदेखि ३५ वर्ष उमेर समूहका १८ हजार ७८० पुरुष र १६ हजार ४७८ महिला गरी कुल ३५ हजार २५८ उम्मेदवार छन् । यसैगरी ५१ देखि ६५ वर्ष उमेर समूहका उम्मेदवारको सङ्ख्या ३७ हजार ५४ छ । सो उमेर समूहमा २६ हजार ५१५ पुरुष र १० हजार ५३९ महिला छन् ।

यस्तै ६५ वर्ष माथिका चार हजार ३५० पुरुष र एक हजार १७७ महिला गरी पाँच हजार ५२७ उम्मेदवार रहेका छन् । यही वैशाख ३० गते ७५३ स्थानीय तहका कूल ३५ हजार २२१ पदका लागि निर्वाचन हुँदैछ । निर्वाचनमा कूल १४५ हजार १० जना उम्मेदवार छन् ।

नगरपालिका प्रमुखमा तीन हजार २३८, उपप्रमुखमा एक हजार ९६४, गाउँपालिका अध्यक्षमा तीन हजार ९२ र उपाध्यक्षमा दुई हजार १६३ जनाको उम्मेदवारी कायम भएको छ । यस्तै वडाध्यक्षमा ३२ हजार ४९६, सदस्यमा ५३ हजार १७३, महिला सदस्यमा २५ हजार ५९९ र दलित महिला सदस्यमा २३ हजार २८५ जनाको उम्मेदवारी परेको छ ।

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# स्थानीय निर्वाचनः दलहरू महिलाप्रति अनुदार भएको गुनासो

**नानीमैया कटवाल**

सप्तरी, २५ वैशाख (रासस)।

आसन्न स्थानीय तहको निर्वाचनका लागि सप्तरीमा आठ महिलाले मात्र पालिकाको नेतृत्वका लागि उम्मेदवार बन्ने मौका पाएका छन्। सात स्थानका लागि छुट्टछुट्टै दलले थोरै मात्र महिलाको नेतृत्वमा उम्मेदवार उठाएका हुन्।

गत स्थानीय तहको निर्वाचनमा भने कुनै पनि ठूला दलले महिलाका नेतृत्वमा उम्मेदवार उठाएका थिएनन्। मुख्य निर्वाचन अधिकृतको कार्यालय सप्तरीको तथ्याङ्कानुसार सप्तरीमा नौ नगरपालिकामा ९३ नगर प्रमुखका उम्मेदवारमध्ये चार महिला तथा नौ गाउँपालिकामा १०३ अध्यक्षका उम्मेदवारमध्ये त्यत्तिकै सङ्ख्याका महिला मात्र उम्मेदवार बन्न पाएका हुन्।

घरदैलो, जुलुस र नारामा महिलाको उल्लेख्य सहभागिता रहे पनि उम्मेदवारीमा न्यून सङ्ख्या देखिएको बोदे बर्साइन नगरपालिकाका उपप्रमुख रञ्जुकुमारी साहले बताउनुभयो। साहले यसपटक उम्मेदवारी पाउनु भएको छैन। स्थानीय राजनीतिमा प्रभाव राख्न सक्ने थोरै महिलालाई मात्र ठूला दलले नेतृत्वमा अवसर दिँदै चुनावी मैदानमा उतारेको महिला मानवअधिकार रक्षक सञ्जाल सप्तरीका अध्यक्ष अनिता देवकोटाले बताउनुभयो। आफ्नो पाँचवर्षे कार्यकाल विवादरहित र उत्कृष्ट ढङ्गले बिताउनुभएका उपप्रमुखलाई राजनीतिक दलहरूले माथिल्लो नेतृत्वको अवसर दिन नसकेको गुनासो उहाँले गर्नुभयो। "पुरुष आकाङ्क्षीलाई छाडेर राजनीतिक दलले महिला नेतृत्वलाई विश्वास गर्न अझै सकेनन्", देवकोटाले भन्नुभयो।

नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी) ले तिलाठी कोइलाडी गाउँपालिकाबाट महिलाका नेतृत्वमा उम्मेदवारी दिएका छन्। एमालेले मीनादेवी राम चमारलाई र एकीकृत समाजवादीले किरणकुमारी मिश्रलाई अध्यक्षका उम्मेदवार बनाएका छन्। सो पालिकामा एमालेले उपाध्यक्षमा महिलालाई नै उम्मेदवार बनाएको छ भने एकीकृत समाजवादीको उम्मेदवारी परेको छैन। राम र मिश्रले अन्य ६ पुरुषसँग प्रमुखमा प्रतिस्पर्धा गरिरहनुभएको छ।

नेपाली कांग्रेसले सुरुङ्गा नगरपालिकाबाट गीता चौधरी र नेकपा (माओवादी केन्द्र)ले बलान बिहुल गाउँपालिकाबाट पविताकुमारी यादवलाई अध्यक्षमा उम्मेदवार बनाएका छन्। दुवै दलले उपप्रमुख र उपाध्यक्षमा पुरुष उम्मेदवार उठाएका छन्। सुरुङ्गाका नगर प्रमुख र बलान बिहुल गाउँपालिकाका अध्यक्षमा आठ-आठ जनाको उम्मेदवारी परेको छ।

जनमत पार्टीले भने दुई नगरपालिकामा महिलाका नेतृत्वमा उम्मेदवारी दिएको छ। राजविराजबाट ममता झा र सप्तकोशीबाट प्रियङ्काकुमारी सन्तका नेतृत्वमा जनमत पार्टीले चुनाव लडिरहेको पार्टीका अध्यक्ष चन्देश्वर मण्डलले बताउनुभयो।

राजनीतिक चहलपहल र सक्रियताका हिसाबले महत्वपूर्ण केन्द्र राजविराजका उपप्रमुखमा जनमत पार्टीले महिलालाई नै उपप्रमुखमा समेत उम्मेदवार बनाएको छ भने सप्तकोशीमा उपप्रमुखमा उम्मेदवार पुरुष छन्। राजविराज नगरपालिकामा १८ र सप्तकोशी नगरपालिकामा सात जना नगर प्रमुख पदमा उम्मेदवार छन्।

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल(लोसपा)ले तिरहुत गाउँपालिकाबाट साधनाकुमारी यादवलाई अध्यक्षका उम्मेदवार बनाएको छ। तिरहुतमा यादवसहित १२ जना अध्यक्षका उम्मेदवार छन्।

सप्तरीका रूपनी र विष्णुपुर गाउँपालिकाका अध्यक्षमा मात्र उम्मेदवारी दिएको नेमकिपाले रूपनीमा श्यामकुमारी साहलाई उम्मेदवार बनाएको छ। रूपनीमा स्वतन्त्रसहित १७ जना अध्यक्ष पदका उम्मेदवार छन्।

सप्तरीका नौ-नौ नगरपालिका र गाउँपालिकाका मुख्य दुई पदमा १९ दलको उम्मेदवारी परेको छ। सप्तरीका १८ वटै स्थानीय तहका दुवै मुख्य पदमा एमाले, कांग्रेस र जनमत पार्टीको मात्र उम्मेदवारी परेको छ। सप्तरीमा पाँच हजार ५३५ उम्मेदवार हुँदा ९३ नगर प्रमुखमा, ६९ नगर उपप्रमुखमा, १०३ गाउँपालिका अध्यक्षमा र ८० जना गाउँपालिका उपाध्यक्षमा उम्मेदवार छन्। यसैगरी वडाध्यक्षमा एक हजार २००, सदस्यमा दुई हजार १४, महिला सदस्यमा एक हजार नौ र दलित महिला सदस्यमा ९६७ उम्मेदवार चुनावी मैदानमा होमिएका छन्।

यस पटक सबै दलमा उम्मेदवार बन्न आकाङ्क्षी महिलाको सङ्ख्या बढाएर सिफारिस भए पनि वडाध्यक्षदेखि नगर वा गाउँपालिकाका प्रमुख र उपप्रमुखमा धेरै महिलाले अवसर नपाएको जसपाबाट राजविराजका उपप्रमुख उम्मेदवार साधना झाले बताउनुभयो। गत निर्वाचनमा उपप्रमुखमा निर्वाचितमध्ये अधिकांशले यस पटक प्रमुखका रूपमा दावी गरेका थिए। तीमध्ये कसैले पनि चाहेअनुसारको अवसर नपाएको उहाँको भनाइ छ। दलीय राजनीतिमा सक्रिय हुँदै सङ्गठन विस्तारका काममा खटिए पनि सात जना पुनः उपप्रमुखमा उम्मेदवारी दोहोऱ्याउन बाध्य भए भने ११ जना उपप्रमुख/उपाध्यक्ष उम्मेदवारसमेत बन्न पाएनन्।

गत स्थानीय तहमा उपप्रमुख र उपाध्यक्षमा निर्वाचित ११ महिला नेत्रीले पुनः अवसर पाएका छैनन्। राजविराजका उपप्रमुख झा, शम्भुनाथ नगरपालिकाका उपप्रमुख कविताकुमारी सरदार र छिन्नमस्ता गाउँपालिकाका उपाध्यक्ष उषाकुमारी मण्डलले सोही पदमा लोसपाबाट उम्मेदवारी दिनुभएको छ। खडक नगरपालिकाका उपप्रमुख यसमिन सुल्तानले कांग्रेसबाट तथा हनुमाननगर कङ्कालिनी नगरपालिकाका उपप्रमुख सरिता यादव र रूपनी गाउँपालिकाका उपाध्यक्ष बेचनी सरदारले जसपाबाट सोही पद दोहोऱ्याउन खोज्नुभएको छ। महिलाका तुलनामा धेरै पुरुषले प्रमुखमा दोहोऱ्याएर अवसर पाएका छन्। प्रमुखमा एमालेबाट सप्तकोशी नगरपालिकाका उत्तमकुमार शर्मा, कांग्रेसबाट अग्निसाइर कृष्णसवरन गाउँपालिकाका परशुराम चौधरी, राजगढ गाउँपालिकाका परमानन्द यादव, महादेवा गाउँपालिकाका दीपककुमार यादव र विष्णुपुर गाउँपालिकाका लीलाम्बर यादवले दोहोऱ्याएर उम्मेदवार बन्ने मौका पाउनुभएको छ।

यस्तै जसपाबाट हनुमाननगर कङ्कालिनीका शैलेशकुमार साह, खडकका हेमायु हक, तिरहुतका हेमन्तकुमार बहडखेर, बोदे बर्साइनका आतेशकुमार सिंह यादव, रूपनीका हरेराम यादव र बलान बिहुलका दयानन्द गोइतले पनि दोहोऱ्याएर सो अवसर पाउनुभएको छ।

लोसपाबाट तिलाठी कोइलाडीका सतिशकुमार सिंह, नेसपाबाट छिन्नमस्ता गाउँपालिकाका सूर्यनारायण मण्डल अमात र माओवादी केन्द्रबाट राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव पनि दोहोऱ्याएर प्रमुख पदमा उम्मेदवार बन्न पाउने भाग्यमानी हुनुहुन्छ।

जसपाले उम्मेदवार नबनाएपछि प्रमुखमा उम्मेदवार बन्ने सर्तमा राजविराजका नगर प्रमुख शम्भुप्रसाद यादव माओवादीबाट, महादेवाका अध्यक्ष दीपककुमार कांग्रेसबाट र छिन्नमस्ताका अध्यक्ष मण्डल नेसपामा प्रवेश गरी प्रमुखमा उम्मेदवार बन्नुभएको छ।

सप्तरीका दुई पालिकामा दुई दलबीच भएको गठबन्धनका कारण सुरुङ्गामा जसपाले प्रमुख र माओवादीले उपप्रमुखमा तथा खडकमा माओवादीले प्रमुख र एकीकृत समाजवादीले उपप्रमुखमा पुरुषलाई नै उम्मेदवार बनाएका छन्।

महिलाले पनि जित्न सक्छन् भन्ने विश्वास नभएका कारण दलहरूले तिनलाई प्रमुखमा उम्मेदवार बनाउन नचाहेको सुरुङ्गाका नगर प्रमुख विन्दा पासवानले बताउनुभयो। "दलहरूले जसरी पनि जित्ने उम्मेदवारलाई अवसर दिने रणनीति बनाएका छन्", उहाँले भन्नुभयो, "महिला पनि बलियो उम्मेदवार हुन सक्छन् र पुरुषसँग प्रतिस्पर्धा गर्न सक्छन् भन्ने मान्यता स्थापित हुन सकेको छैन।'

पार्टीको तल्ला कमिटीले आकाङ्क्षीको नाम सिफारिस गर्दा नै महिलाको नाम सबैभन्दा तल राखेर पठाउने गरेको पाइन्छ। महिला नेत्रीहरूको भनाइअनुसार राजनीतिक दलहरूले एक सम्भावित महिला उम्मेदवारको नाम पठाउन अनिवार्य गरेकाले तल्ला कमिटीले पनि एक महिलाको नाम सिफारिश गरेका थिए।

नेपालको संविधानले अनिवार्य गरेका वडा सदस्य पदबाहेक महिलालाई वडाध्यक्षमा समेत राष्ट्रिय दलहरूले थोरै सङ्ख्यामा मात्रै अवसर दिएको अग्निसाइर कृष्णसवरण-६ मा एमालेबाट वडाध्यक्षका उम्मेदवार कुसुम आचार्यले बताउनुभयो। स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित सप्तरीका एक मात्र महिला वडाध्यक्ष आचार्य पुनः सोही पदमा उम्मेदवार बन्नुभएको छ।

दलमा टिकट दिने संयन्त्रमा पुरुष हुने र महिलाले अनौपचारिक रूपमा भेटघाट गर्न नसक्ने हुँदा पनि टिकट पाउने सम्भावना कम हुने तिलाठी कोइलाडीका उपाध्यक्ष सुचिता यादवको भनाइ छ। माथिल्लो कमिटीमा पुगेका कतिपय महिलाले समेत तल कमिटीमा बसेर काम गरिरहेका महिलालाई समर्थन र सहयोग नगर्ने प्रवृत्ति रहेको आरोप लगाउनुभयो। सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि स्थानीय तहको दोस्रो पटक निर्वाचन भइरहेको छ। दोस्रो पटकको स्थानीय निर्वाचनमा समेत १८ स्थानीय तह भएको सप्तरीमा आठ महिलालाई मात्र नेतृत्वका लागि अगाडि बढाउनाले दलहरू महिलाप्रति अनुदार रहेको देखाउने अधिवक्ता दानो चौधरी बताउनुहुन्छ।

समावेशी प्रतिनिधित्वको ख्याल नगरी जसरीतसरी चुनाव जित्ने तरिका अपनाएमा पार्टीले जिते पनि सिङ्गो महिला वर्गले हार्ने राजविराज -७ का कविता प्रमाणीले बताउनुभयो। समाजको महत्त्वपूर्ण वर्गलाई अवसर नै नदिएर वा कमजोर ठाउँमा देखावटी उम्मेदवार बनाएर चुनावमा भाग लिन लगाउनु र जिताउनुको अर्थ नहुने प्रमाणी जिकिर गर्नुहुन्छ।

संविधानले स्थानीय तह(गाउँ र नगर), प्रदेश र सङ्घीय संसद्मा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ। एकातिर नेतृत्वका लागि महिलालाई अवसर दिइएको नदिइएको र अर्कातिर गठबन्धनका कारण पनि उम्मेदवारीमा महिला हिस्सा कम भएको कञ्चनरूपका सविता न्यौपानेको तर्क छ। अघिल्लो निर्वाचनमा १८ पालिकामा नै महिला उपप्रमुख निर्वाचित भएका थिए। सो निर्वाचनमा प्रमुख दलहरू विनागठबन्धन चुनावमा होमिएको र सबैले उपप्रमुखमा महिला उम्मेदवार बनाएका कारण त्यस्तो नतिजा आएको थियो। यसपटक गठबन्धनका कारण दुवै मुख्य पदमा अधिकांश पुरुष उम्मेदवार भएकाले विगतको उपलब्धि पनि गुम्ने पो हो कि भन्ने न्यौपानेलाई लागेको छ।

अधिवक्ता मनु खनालले कानुनले भने पनि नभने पनि महिला, दलित, मुसलमान, अल्पसङ्ख्यक र पिछडिएकालाई अघि बढाउनुपर्ने दायित्व मुलुक हाँक्ने अगुवाहरूको भएको जनाउँदै ती राजनीतिक दल र दलका नेता नै भएको स्पष्ट गर्नुभयो। उहाँले भन्नुभयो, "संविधानले समावेशी सिद्धान्त पालना गर भन्दाभन्दै पनि प्रमुख पदमा महिलालाई उम्मेदवार नै नबनाउनु भनेको उनीहरूलाई राज्यको पहुँचबाट विमुख बनाउन खोज्नु हो।" शिक्षिका ललिता झा पनि देशको आधाभन्दा केही बढी जनसङ्ख्या महिलाको भए पनि सो वर्गलाई स्थानीय तहमा नेतृत्व दिन नखोज्नुले

*बाँकी तीन पृष्ठमा*


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine

(NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# विश्व गधा दिवस मनाइँदै, लोप हुने अवस्थामा गधा

**भीष्मराज ओझा**
काठमाडौं, २५ वैशाख (रासस)।
परापूर्वकालदेखि नै कृषि र ढुवानी प्रयोगका लागि महत्वपूर्ण जनावरका रूपमा रहेको गधा संरक्षणबारे सचेतना जगाउन मे ८ मा विश्व गधा दिवस मनाइँदै छ।

नेपालमा यस दिवसका सम्बन्धमा सरकारी तवरमा कुनै कार्यक्रम नभए पनि गैरसरकारी संस्थाहरूले भने दिवस मनाउन सुरुआत गरेका छन्।

गधा कृषि, उद्योग तथा अन्य व्यवसायको क्षेत्रमा भारी बोक्ने काममा प्रयोग गरिन्छ। घाइते र कमजोर अवस्था भएमा वा जीवनको अन्तिम अवस्थामा लावारिस र दुर्दशामा देखिने गधाको उपचार, हेरचाह र बासस्थान विषयमा सचेतना जगाउन दिवस मनाउन सुरु गरिएको हो।

अति सहनशील बानीको गधा संरक्षणबारे सचेतना ल्याउन, उपचारसहित बासस्थान व्यवस्था र गधाबारे अध्ययन गर्ने गरी विश्वमा पुनःस्थापना केन्द्र खुल्ने क्रम पनि बढेको वरिष्ठ पशु चिकित्सक डा अतिषकुमार यादवले बताउनुभयो। उहाँका अनुसार अश्व प्रजातिमा घोडा, गधा र जेब्रा पर्छन् भने खच्चड हाइब्रिड हो। भाले गधा र पोथी घोडीको सङ्सर्गबाट खच्चड जन्मिने हो। घोडा र खच्चडको तुलनामा गधालाई भने कम महत्वले हेरिन्छ। यो नेपालका दुर्गम पहाडी भू-भागमा सामान ढुवानी गर्न र ईंटाभट्टामा ईंटा बोक्ने काममा बढी प्रयोग हुँदै आएको छ।

सडकमा लावारिस छोडिएका गधालाई उद्धार गरी उपचार र स्याहार गर्न तथा सचेतनाका लागि भनेर 'एनिमल नेपाल' संस्थाले ललितपुरमा 'डुकुछाप डङ्की सेन्चुरी' नाममा गधा पुनःस्थापना केन्द्र स्थापना गरेको छ। सो संस्थाले साताभरि नै विभिन्न कार्यक्रम गरी यो दिवस मनाएको संस्थाका कार्यकारी निर्देशक हरिप्रसाद जोशीले जानकारी दिनुभयो।

**काम नलाग्ने भएपछि लावारिस छाड्ने क्रम बढ्दो**

पुनःस्थापना केन्द्रमा हाल काठमाडौं, ललितपुर र भक्तपुरका ईंटाभट्टामा प्रयोग गरी काम नलाग्ने भएपछि लावारिस छाडिएका दुई दर्जन बढी घोडा, खच्चड र गधा छन्। केन्द्रमा स्याहार र उपचारका लागि पशु चिकित्सकसहित प्राविधिक र अन्य कर्मचारी खटिएका छन्।

कार्यकारी निर्देशक जोशीले सो पुनःस्थापना केन्द्रको अवधारणा सन् २००९ देखि ईंटा उद्योगमा काम गर्ने गधा, खच्चड र घोडाका लागि औषधोपचार गर्ने र यो जनावर पाल्ने समुदायमा चेतनाको स्तर बढाउन तालिम दिने उद्देश्यले ल्याएको बताउनुभयो।

संस्थाले घाइते घोडा, खच्चड र गधाको उद्धार गरी पुनःस्थापना केन्द्रमा ल्याउने र उपचार गरी त्यहीं राख्ने गरेको छ। यो उनीहरूको बारेमा थप जान्न चाहनेका लागि अध्ययन तथा सिकाइ थलो पनि बनेको उहाँले बताउनुभयो। केन्द्रमा हाल हिकाष्ट कलेजका पशु चिकित्सक विषयमा अध्ययरत विद्यार्थीले 'इन्टर्न' गरिरहेका छन्।

खासगरी माटोका भाडा बनाउने कसगर, धोबी र कलन्दर समुदायले गधा पाल्ने गर्छन्। कामको सिजनमा देशभरका ईंटाभट्टामा ईंटा बोक्ने काममा प्रयोग गर्ने र अन्य समयमा बाँकेको नेपालगञ्ज, महोत्तरी, रौतहट, सिरहालगायत तराई क्षेत्रमा माटाका भाँडा बजारसम्म बोक्ने तथा पहाडमा ढुवानीको साधनका रूपमा गधाको प्रयोग गर्ने गरिन्छ।

अनौपचारिक तथ्याङ्कानुसार हाल नेपालमा एक लाख ५० हजारको हाराहारीमा अश्व प्रजातिका घोडा, खच्चड र गधा रहेको अनुमान छ। तीमध्ये घोडा र खच्चडको सङ्ख्या तुलनात्मक धेरै भएपनि गधाको सङ्ख्या भने न्यून हुँदै गएको छ। यही अवस्था रहीरहे यो लोपोन्मुख जनावरको सूची हुने उहाँले बताउनुभयो। नेपालमा गधाको प्रजनन ज्यादै न्यून हुने गरेको र अधिकांश भारतका विभिन्न स्थानबाट भित्रिने गरेको छ। घोडा र खच्चड भने नेपालका पहाडमा बढी देखिन्छन्।

एनिमल नेपालका अध्यक्ष प्रमदा शाहले कृषि, उद्योग तथा अन्य व्यवसायको क्षेत्रमा भारी बोक्ने पहाडमा ढुवानीका लागि महत्वपूर्ण योगदान रहेको गधा संरक्षण राज्यका तर्फबाट प्राथमिकतामा पर्न नसकेको बताउनुभयो। गधालाई घरपालुवा जनावरमा नराखी भारवाहक पशुका रूपमा राखिएको छ।

**स्पष्ट कानुन नहुँदा बिमा गर्न समस्या**

स्पष्ट कानुन नहुँदा यसको बिमा गर्न पनि समस्या रहेको अध्यक्ष शाहले गुनासो गर्नुभयो। अश्व प्रजातिका जनावर बढी पाइने र काम हुने स्थानमा पशु चिकित्सकीय सेवा र तालिम प्रदान गरी यससम्बन्धी सूचना र सचेतना बढाउन उहाँले माग गर्नुभयो। तराईको सम्म मैदानमा बस्ने र काम गर्ने गधालाई उच्च पहाडी भू-भागमा कामका लागि लैजान नहुने उहाँको धारणा छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले पशुप्रति हुने निर्दयी व्यवहारमा रोकावट गरी पशुको उचित व्यवस्थापन, विकास र गुणस्तर कायम गर्दै पशु स्वास्थ्य तथा पशु सेवा ऐनको मर्मअनुरुप पशु कल्याण सुनिश्चित गर्न पशु कल्याण निर्देशिका, २०७३ जारी गरेको सूचना अधिकारी डा प्रदीपचन्द्र भट्टराईले बताउनुभयो।

यसैगरी नेपालमा हालसम्म घोडाको मात्र व्यावसायिक प्रजनन केन्द्र रहेको छ। नेपाली सेनाले चितवनको भरतपुरमा घोडा प्रजनन केन्द्र स्थापना गरेको छ। प्रजनन केन्द्रमा हाल माउ र बच्चा गरी १०० घोडा रहेको र प्रत्येक वर्ष उमेरले परिपक्व भई चढ्नलायकका घोडा काठमाडौं ल्याइ तालिम गराउने गरिएको सैनिक प्रवक्ता सहायक रथि नारायण सिलवालले जानकारी दिनुभयो।

उहाँका अनुसार काठमाडौंको नारायणहिटी दरबार परिसरभित्र सेनाको उपत्यका कमाण्डअन्तर्गत नेपाल क्याभलरी रहेको र हाल त्यसमा १२० घोडा छन्। सेनासँग रहेका घोडामध्ये प्रजननअनुसार पर्सेरियन, अनुबेरियन र अरेबियन गरी तीन प्रकारका छन् भने काममा प्रयोग गरिनेअनुसार सबैभन्दा सानो घोडा 'पोनी हर्स, त्यसभन्दा ठूलो 'राइडिङ हर्स' र सबैभन्दा ठूलो 'कार्ट हर्स' रहेका छन्।

***स्थानीय निर्वाचनः...***

ठूलो विभेद देखिएको बताउनुहुन्छ।

साहित्यकार कमला भन्साली महिलालाई अघि बढ्न नदिनु वा पछाडि धकेल्नु समाजका लागि हानिकारक भएको जनाउँदै यस्तो विभेदले समाज अगाडि नबढ्ने र देशको भलो नहुने विचार व्यक्त गर्नुभयो। "सबै वर्गको समान सहभागिताबाट मात्र मुलुकलाई समृद्धिको दिशामा अघि बढाउन सकिन्छ" उहाँले बताउनुभयो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी



डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## अमेरिकामा कोरोनाका कारण अस्पताल भर्ना हुने बढ्न थाले

वासिङ्टन, २५ वैशाख (रासस/सिन्ह्वा)।
संयुक्त राज्य अमेरिकाका पछिल्लो समयमा कोरोना भाइरसका कारण अस्पताल भर्ना हुनेको संख्या बढ्न थालेको पाइएको छ।

यहाँका स्वास्थ्य अधिकारीले अमेरिकामा पछिल्लो समयमा कोरोना र कोरोनाजन्य सङ्क्रमणका कारण अस्पतालमा भर्ना हुने मानिसको संख्या बढ्न थालेको जनाएका छन्।

अमेरिकी दैनिक पत्रिका 'द न्युयोर्क टाइम्स'ले शुक्रबारको अङ्कमा सो समाचार दिएको छ। सो पत्रिकाले पछिल्ला केही हप्तामा अमेरिकाका नागरिक कोरोना सङ्क्रमण भएपछि अस्पताल भर्ना हुन जाने बढेका जनाएको छ।

सो पत्रिकाले बिहीबार मात्र यहाँका अस्पतालमा कोरोना जन्य जटिलताका कारण भर्ना हुन गएका नागरिकको संख्या १८ हजार रहेको थियो।

यो संख्या अमेरिकाका सबै अस्पतालको हो। तर यो संख्या अघिल्लो हप्ताको तुलनामा २० प्रतिशतले बढी भएको पनि सो पत्रिकाले जनाएको छ।

यहाँ गएको दुई हप्ता अघिको तुलनामा सङ्क्रमितको संख्या पनि बढेको पाइएको सो पत्रिकाले जनाएको छ।

कोरोनाका सङ्क्रमित गएको बिहीबार मात्र यहाँ ६८ हजार जना भेटिएका थिए। यो संख्या अघिल्लो हप्ताको तुलनामा ६० प्रतिशतले बढी हो।

## दक्षिण कोरियामा एकै दिन ४० हजार भन्दा बढी कोरोना संक्रमित

सोल, २५ वैशाख (रासस/सिन्हवा)।
दक्षिण कोरियामा पछिल्लो २४ घण्टामा ४० हजारभन्दा धेरैमा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य अधिकारीका अनुसार सो संख्या अघिल्लो दिनका तुलनामा गएको २४ घन्टायता धेरै देखिएको हो। यहाँ एकै दिन पहिले चार लाखसम्म नागरिकमा कोरोना सङ्क्रमण देखिने गरेकोमा पछिल्ला दिनमा घटेको थियो। तर पछिल्ला केही दिनमा भने पुनःबढ्न थालेको बताइएको छ। दक्षिण कोरियामा सङ्क्रमितको संख्या बढ्दै गएको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन्। अधिकारीका अनुसार अहिलेसम्म एक करोड ७५ लाखभन्दा पनि बढी सङ्क्रमित भइसकेका छन्।

अघिल्लो दिन यहाँ ३७ हजारमा सङ्क्रमण देखिएकामा २४ घन्टायता आएर त्यसमा केही वृद्धि भएको बताइएको हो। सङ्क्रमितमध्ये स्वास्थ्य अवस्था गम्भीर रहेका व्यक्ति भने थोरै छन्। यहाँ मृत्यु दर पनि कम रहेको बताइएको छ। हालसम्म कोरियामा कोरोनाबाट २३ हजार ३६० को ज्यान गइसकेको छ। सङ्क्रमितमा मृत्युदर भने न्यून रहेको अधिकारीले जनाएका छन्।

## भारतमा २४ घण्टामा तीन हजार ४५१ कोरोनाका नयाँ संक्रमित

नयाँदिल्ली, २५ वैशाख (रासस/सिन्ह्वा)।
भारत २४ घण्टाको समयावधी अर्थात शनिबार मध्यरातिसम्म तीन हजार ४५१ व्यक्ति कोरोनाका थप सङ्क्रमति भएपछि यहाँ कुल सङ्क्रमतिको सङ्ख्या चार करोड ३१ लाख दुई हजार १९४ जना पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतबार बिहान जानकारी दिएको छ। विगत केही महिनायता न्यून बिन्दुमा पुगेको कोरोना भाइरस सङ्क्रमणको पुनःकेही दिनयता नयाँ सङ्क्रमितको सङ्ख्या तीन हजार नाघेको छ। २४ घण्टाको समयावधी भएका यी नयाँ सङ्क्रमितमध्ये एक हजार ४०७ राष्ट्रिय राजधानी दिल्लीका रहेका समाचारमा जनाइएको छ। हाल राजधानीमा पाँच हजार ९५५ सक्रिय सङ्क्रमित रहेका पनि थप जानकारी दिइएको छ।

यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप ४० को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख २४ हजार ६४ पुगेको छ। भारतभरी अझै पनि सक्रिय सङ्क्रमित २० हजार ६३५ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ। भारतमा केही महिनायताबाट सक्रिय सङ्क्रमित घट्ने क्रम जारी रहेको थियो। तर केही हप्तायताबाट सक्रिय सङ्क्रमति बढेको पाइएको छ। चौबिस घण्टाको समयावधी अर्थात शनिबार मध्यरातिसम्म तीन हजार ७९ जना कोरोना निको भएका छन्। यसैसँगै हालसम्म चार करोड २५ लाख ५७ हजार ५९५ सफलतापूर्वक कोरोना सङ्क्रमण निको भएर अस्पतालबाट डिस्चार्ज भएका छन्।

## ग्रीसको तटरक्षकद्वारा समुद्रमा रहेका १०० भन्दा बढी आप्रवासीको उद्धार

एथेन्स, २५ वैशाख (रासस-एएफपी)।
ग्रीसको तटरक्षकले आइतबार एजियन सागरमा आधा डुबेको डुङ्गाबाट थुप्रै बालबालिकासहित १०६ आप्रवासीलाई उद्धार गरेको आइतबार बताएको छ। कोस्टगार्डको विज्ञप्तिमा आप्रवासी टर्कीको तटबाट अलि टाढा दक्षिणपूर्वी टापु कोस नजिकै शनिबार अबेर फेला परेको जनाइएको छ। खुलासा नगरिएका विभिन्न राष्ट्रियताका समूहमा १४ महिला र २० बालबालिका थिए।

# निर्वाचनमा खटिने सुरक्षाकर्मी र म्यादी प्रहरीको निधन भएमा परिवारलाई २० लाख सहयोग

काठमाडौँ, २५ वैशाख (रासस)। सरकारले स्थानीय तहको निर्वाचनका लागि सुरक्षामा खटिएका सुरक्षाकर्मीको मृत्यु भएमा निजका आश्रित परिवारलाई रु २० लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ।

गृहमन्त्री बालकृष्ण खाणको प्रस्तावमा आइतबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले निर्वाचन अवधिभर सुरक्षामा खटिने म्यादी प्रहरीसहित सुरक्षाकर्मीको मृत्यु भएमा निजका आश्रित परिवारलाई रु २० लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

उक्त सहायता नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा म्यादी प्रहरीको हकमा लागू हुनेछ।

त्यस्तै बैठकले निर्वाचनको क्रममा घाइते भएका सुरक्षाकर्मीको उपचारमा लागेको खर्च पनि सरकारले व्यहोर्ने निर्णय भएको गृहमन्त्रीको भनाई उद्धृत गर्दै प्रेस संयोजक मधुसुदन भट्टराईले जानकारी दिनुभयो।

बैठकले हिमाली जिल्लामा खटिने म्यादी प्रहरीका लागि प्रहरी जवानसरह जिल्लागत दररेटअनुसार रासनभत्ता उपलब्ध गराउने निर्णय पनि गरेको उहाँको भनाइ थियो।

# निर्वाचनका दिन खोप सञ्चालन नहुने

काठमाडौँ, २५ वैशाख (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा कोरोना भाइरसविरुद्धको खोप अभियान नहुने भएको छ।

मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्राले निर्वाचनका दिन अतिरिक्त खोप केन्द्र तथा नियमित खोप अभियान सञ्चालन गर्न कठिनाइ पर्ने भएकाले उक्त दिन खोप कार्यक्रम स्थगित गरिएको बताउनुभयो।

यसअघि मन्त्रालयले मतदान केन्द्रमा नै खोप केन्द्र सञ्चालन गर्ने तयारी गरेको थियो। "निर्वाचन सम्पन्न गर्न मतदानस्थलमा स्वास्थ्यकर्मीसमेत परिचालन हुने र स्वास्थ्यकर्मीले पनि आफ्नो मताधिकार प्रयोग गर्नुपर्ने हुनाले निर्वाचनका दिन अतिरिक्त खोप केन्द्र तथा नियमित खोप अभियान कार्यक्रम सञ्चालन हुन कठिनाइ भएकाले सो दिन खोप सञ्चालन नहुने जानकारी गराइन्छ", उहाँले भन्नुभयो।

उहाँले निर्वाचन अघि र पछिका दिनमा खोप केन्द्रमा नियमित खोप अभियान सञ्चालन हुने भएकाले सबैलाई सकेसम्म कोभिड-१९ विरुद्धको खोप लगाउन अनुरोध गरिएको छ।

छिमेकी मुलुकमा पछिल्ला दिनमा सङ्क्रमण बढ्दै जाँदा नेपालमा पनि जोखिम बढ्ने सम्भावना भएकाले सर्तक रहँदै जनस्वास्थ्यका मापदण्ड अपनाउन मन्त्रालयले आग्रह गरेको छ।

# सबै आन्तरिक उडान बन्द हुने

काठमाडौँ, २५ वैशाख (रासस)। वायुसेवा सञ्चालक सङ्घ, नेपालले यही वैशाख ३० गते मानवीय उद्धार, सहायता उडान एवं सरकारको निर्देशनमा हुने उडान बाहेकका सबै नियमित आन्तरिक सेवा बन्द गर्ने बताएको छ।

निर्वाचन आयोगको 'स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदान हुने दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसार सङ्घमा आबद्ध सबै वायुसेवाले आन्तरिक उडान बन्द गर्न लागेका हुन्। सङ्घले आइतबार एक विज्ञप्ति जारी गरी उक्त जानकारी दिएको हो।


## निर्वाचन आचार संहिता २०७८मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरू:

### निर्वाचन आचार संहिता राजनीतिक दल, उम्मेदवार लगायत गैरसरकारी संस्था, विद्यालय समेतलाई लागू हुने

परिच्छेद १ दफा ३ त र थ अनुसार यो आचार संहिता गैरसरकारी संस्थाका पदाधिकारी तथा कर्मचारी र सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी समेतलाई लागू हुने।

### निर्वाचन प्रचार प्रसारमा बालबालिकालाई प्रयोग गर्न नहुने

परिच्छेद २ को दफा ४ छ अनुसार सबैले पालना गर्नु पर्ने आचरण अन्तरगत १८ वर्ष पुरा नभएका बालबालिकालाई निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने

परिच्छेद ४ को दफा १२ ट अनुसार राजनीतिक दल, उम्मेदवार तथा दलका भातृसंगठनले निर्वाचन प्रचार प्रसार, आम सभा तथा जुलुसमा १८ वर्ष उमेर पुरा नभएका बालबालिकालाई प्रयोग गर्न वा गराउन नहुने

### निर्वाचन प्रचार प्रसारमा विद्यालय प्रयोग गर्न नहुने

१० परिच्छेद २को दफा ४ म अनुसार कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धि भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने

३० परिच्छेद ३ को दफा ९ क,ग, छ, ज, अनुसार सामुदायिक विद्यालय तथा शिक्षकहरुले पालना गर्नु पर्ने आचरण अन्तर्गत कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, विद्यालयको सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने, राजनीतिक प्रकृतिको कार्यक्र गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

### निर्वाचन प्रचार प्रसारमा गैरसरकारी, सरकारी तथा निजी संस्था, पदाधिकारीको प्रयोग हुन नहुने

परिच्छेद ३ को दफा ११ अनुसार गैरसरकारी तथा निजी संस्थाका पदाधिकारी, कार्यरत कर्मचारीहरुले कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, आफ्ना सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने, राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

### आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले जुनसुकै माध्यमबाट दिन सक्ने

परिच्छेद ९ को दफा ३९ अनुसार आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले मौखिक, लिखित, सामाजिक संजाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, आचारसंहिता अनुगमन समिति, टोली वा अनुगमन अधिकृतलाई उजुरी दिन सक्ने।

उजुरीकर्ताले चाहेमा निजको नाम नामेशी गोप्य रहने।

निर्वाचन आचारसंहिता २०७८ मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरुबारे
विद्यालय, शिक्षक, अभिभावक, राजनीतिका दल, उम्मेदवार तथा दलका भातृसंगठन
र बालबालिका समेतलाई सचेत गराऔं
निर्वाचन आचारसहिता पालना भए नभएको अनुगमन गरौं
उल्लङ्घन भएको पाइएमा उजुरी गरौं

Save the Children



## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधै लगआउट गरौ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*